प्रदीप किशोर
सिनियर डिभिजनल वन अधिकृत

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, रुपन्देही

Email: dforupandehi@gmail.com
Phone No. ९८५७०१५१०१

पत्र संख्या :- २०८२/८३ मिति: २०८२/०९/१६

च.नं. :-

# विषयः प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२।०९।१६

यस कार्यालयको चालु आ.व. २०८२।०८३, ब.उ.शि.नं. ३२९९११२१ को समृद्धिका लागि वन (संघ सशर्त अनुदान) कार्यक्रम अन्तरगत **"सामुदायिक वनको कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान कार्यक्रम) (२.७.२५.१९३)"** को लागि विनियोजित बजेटबाट सामुदायिक वन उपभोक्ता समूहहरुको विधान कार्ययोजना तयारी र स्वीकृत कार्ययोजनामा उल्लेख भएका बार्षिक कार्यक्रमहरु कार्यान्वयनको लागि प्रस्तावको आधारमा समूहले कम्तीमा ५० प्रतिशत लागत सहभागिता गर्ने गरि प्रति समूह बढीमा रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख मात्र) समृद्धिका लागि वन कार्यक्रम, कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ बमोजिम अनुदान उपलब्ध गराउन सकिने हुँदा उक्त कार्यविधिमा उल्लेखित व्यवस्था एवं शर्त बमोजिम अनुदान सहयोग प्राप्त गर्न इच्छुक र योग्यता पुगेका सामुदायिक वन उपभोक्ता समूहहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावको ढाँचा र अन्य विस्तृत जानकारी कार्यालयको वेबसाईट dforupandehi.lumibni.gov.np बाट प्राप्त गर्न सकिनेछ । प्रस्तावको छनौट र मूल्यांकन समृद्धिका लागि वन कार्यक्रमको कार्याक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम हुनेछ ।

साथै यस कार्यालयको चालु आ.व. २०८२।०८३ को लागि स्वीकृत कार्यक्रम (माथि उल्लिखित **सामुदायिक वनको कार्ययोजना कार्यान्वयन** समेत) कार्यान्वयन सन्दर्भमा यस कार्यालयबाट मिति २०८२।०७।२५ गते कार्यक्रम माग सम्बन्धी सूचना प्रकाशन गरिएको व्यहोरा समेत सम्बन्धित सरोकारवाला सम्पुर्णलाई जानकारीको लागि अनुरोध छ ।

o/c

Scanned with CamScanner

समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत “सामुदायिक वनको कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान कार्यक्रम)” को लागि

प्रस्तावको नमुना

१. कार्यक्रमको नाम

२. कार्यक्रमको पृष्ठभूमि

३. कार्यक्रमको लक्ष्य र उद्देश्य

४. साझेदारी वन उपभोक्ता समूहको विवरण

५. समावेशीकरण सहित कार्य समितीको नामावली

६. साझेदारी वनको विवरण

७. वार्षिक कार्यक्रम तथा बजेटको विस्तृत विवरण

८. समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत सामुदायिक वनको कार्ययोजना कार्यान्वयन (समुदायमा आधारित वन व्यवस्थापन अनुदान कार्यक्रम) अन्तर्गत सम्पादन हुने कार्यक्रम तथा क्रियाकलापका लागि आवश्यक पर्ने बजेट सहितको विस्तृत कार्य योजना

९. कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र

१०. लक्षित समूह सम्बन्धी विवरण, लाभान्वित घरधुरी, जनसंख्या

११. कार्यक्रम सञ्चालन विधि र प्रक्रिया

१२. कार्यक्रम शुरु हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान

१३. अपेक्षित उपलब्धीहरु

१४. अनुगमन तथा मूल्यांकन

१५ वातावरणीय तथा सामाजिक परीक्षण गर्नु पर्ने विषयहरु तथा जोखिम आकलन

१६. प्रतिवेदन सम्बन्धी व्यवस्था

१७. अन्य

कार्य समितिका पदाधिकारीहरुको दस्तखतः

संस्थाको छाप ः

१८. संलग्न गर्नुपर्ने कागजातहरु

क. अनुदान कार्यक्रमा सहभागी हुनको लागि प्रस्ताव पेश गर्ने, सम्झौताका लागि प्रतिनिधि तोकि पठाउने, तोकिए बमोजिम (कम्तीमा ५० प्रतिशत) लागत साझेदारी गर्ने लगायतका उपभोक्ता समूहको निर्णय ।

ख. आ.व. २०८२/०८३ मा सम्पन्न साधारण सभाको निर्णयको प्रतिलिपि ।

ग. आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रमको प्रतिलिपि ।

घ. आ.व. २०८१/०८२ मा सम्पन्न भएका कार्यसमितिको बैठकको निर्णयहरुको प्रतिलिपि ।

ङ. आ.व. ०८१/०८२ को उपभोक्ता समूहको वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन ।

च. समूहले आफ्नो इच्छा जाहेर गरि अनुदान कार्यक्रमा सहभागी हुनका लागि अनुरोध पत्र (ऋयखभच ीभततभच) ।

छ. बुदाँ नं. ८ र १२ बमोजिम क्रियाकलापको विस्तृत लागत अनुमान सम्बन्धित सब डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा तयारी गरि सो समेत पेश गर्नुपर्ने ।

ज. कार्यसम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान भुक्तानी कार्यक्रम सम्बन्धी नियम तथा शर्तहरुसँग सहमती जनाउने प्रतिबद्धता पत्र ।

झ. समूहबाट प्राप्त निवेदन सहितको विवरण एवं कागजातहरु रुजु गरि सब डिभिजन वन कार्यालयको सिफारिस पत्र ।

ञ. समुहको बैंक खाता (चेकबुकको प्रतिलिपि), समूह दर्ता, पान दर्ता प्रमाणपत्र, अध्यक्षको नागरिकताको प्रतिलिपि ।

नोट

अन्य विषय समृद्धिका लागि वन कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम हुनेछ । प्रस्ताव तयारी गर्न आवश्यक प्राविधिक सहयोग सम्बन्धीत सब डिभिजन वन कार्यालयबाट सहयोग लिन सक्नेछ ।